आज मिति २०८१।०६।०१ गते (ने.स. ११४४ जंलाथ्व चतुर्दशी) मंगलबारका दिन बिहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को छैटौ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८१।०६।०१ गते

समय : बिहानको ११:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०५।२८ गते

**मिति २०८१।०६।०१ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु**

प्रस्ताव नं. १ पूर्व निर्णयहरुको समीक्षा,

प्रस्ताव नं. २ धन्यवाद सम्बन्धमा,

प्रस्ताव नं. ३ गाउँपालिका भित्रको बाटो सरसफाई सम्बन्धमा,

प्रस्ताव नं. ४ प्रशासकीय भवनको जग्गा प्राप्ती सम्बन्धमा,

प्रस्ताव नं. ५ प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत वेरोजगारको सूची प्रमाणित गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ६ उपभोक्ता समिति गठन तथा अभिमुखिकरण सम्बन्धमा,

प्रस्ताव नं ७ पोषणमैत्री स्थानीय तह घोषणाको कार्यक्रमको बजेट ब्रेकडाउन सम्बन्धमा,

प्रस्ताव नं ८ कार्यविधि संशोधन सम्बन्धमा,

प्रस्ताव नं.९ मन्त्रालयको परिपत्रहरुको सम्बन्धमा,

प्रस्ताव नं १० विविध

**रामप्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

**भारत कुमार पुन**
**अध्यक्ष**

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पाखेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

निर्णय नं १ :

प्रस्ताव नं १ कार्यपालिकाको पूर्व निर्णयहरु समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भइरहेको पाइयो ।

१. गाउँ कार्यपालिकाको मिति २०८१।०५।२४ गतेको कार्यपालिका बैठकले "पुनहिलमा क्यान्टिङ सञ्चालन र प्रवेश शुल्क संकलन" गर्ने आयठेक्का व्यवस्थापन गर्न रु ४९,५०,०००/- ( अक्षरुपी उन्पचास लाख पचास हजार रुपैया) न्यूनतम अंक तोकी ७ दिनको सूचना प्रकाशन गर्दा कुनै पनि बोलपत्र नपरेकाले पुन ५ दिनको म्याद राखेर सूचना प्रकाशन गर्ने ।
२. सङ्घीय समपुरक तथा विशेष अनुदान प्राप्त गरि बहुबर्षिय ठेक्का लागि सम्झौता भई कार्यान्वयनमा गएका सेकार्कु कुण्ड पर्यटन पुर्वाधार निर्माण, रुप्से झरनामा पर्यटन पूर्वाधार निर्माणको कार्यलाई तिव्र रुपमा बढाउन सम्बन्धित कन्ट्राक्टरलाई पत्राचार गर्ने।
३. मिति २०८१।०४।१५ को कार्यपालिका बैठकमा छलफल भई पुन मिति २०८१।०४।०७ गतेको कार्यपालिका बैठकले शिख माध्यमिक विद्यालयलका प्रधानाध्यापकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंङ्गालको पत्र सङ्ख्या-९ (शिक्षा) २-२१७८/०८०/८१, मिति २०८१/०२/०४ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखराको ६३६४१, मिति २०८१/०२/०१ गतेको पत्र अनुसार उजुरी उपर छानविन गरी तयार भएको प्रतिवेदनमा मिति २०८१।०५।०६ गतेको थप छलफल र आज छलफल गर्दा यस गाउँपालिकामा कानुन विज्ञ उपलब्ध नभएकाले के कसो गर्नुपर्ने हो ठहर गर्न नसकिएको हुँदा आवश्यक निर्णय गर्न उक्त उजुरी उपर छानविन समितिले तयार गरेको प्रतिवेदनलाई प्रमाणित गरि अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल र पोखरा कार्यालयमा पठाउने निर्णय भएकोमा उक्त निर्णय पुन सदर गर्दै आवश्यक कारवाही गर्नको अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल र पोखरामा पत्राचार गर्ने ।

निर्णय नं २ :

प्रस्ताव नं २ रहेको धन्यवाद सम्बन्धमा यस गाउँपालिका कार्यालयमा करिव १ बर्ष ६ महिना प्रमुख प्रशासकीय अधिकृत रुपमा जिम्मेवारी जिल्ला समन्वय म्याग्दीमा जानु भएको अमृत सुवेदी सरलाई उहाँले गाउँपालिकामा गर्नु भएको योगदानको कदर धन्यवाद ज्ञापन गर्ने । साथै यस गाउँपालिकामा कार्यक्षेत्र बनाउन आउनु भएको प्रमुख प्रशासकीय अधिकृत राम प्रसाद शर्मा कंडेल सरलाई स्वागत गर्दै यस गाउँपालिकामा आउनु भएकोमा धन्यवाद दिने ।

निर्णय नं ३ :

प्रस्ताव नं ३ उपर छलफल गर्दा बर्षाको कारणले गाउँपालिका भित्र रहेको स्थानीय बाटोहरु सरसफाई गर्नको प्राविधिक लागत इस्टिमेट तयार गर्न लगाउने र स्वीकृत लागत इस्टिमेट र वडाहरुको ग्रुपिङ गरी कोटेशन पेश मार्फत कार्यान्वयन गर्ने ।

निर्णय नं ४ :

प्रस्ताव नं ४ उपर छलफल गर्दा नेपाल सरकार सङ्घीय मामिला मन्त्रालय (स्थानीय तह समन्वय शाखा)को मिति २०८१।०५।२८ गतेको चलानी नं ८९ को पत्रानुसार गाउँपालिकाको प्रशासकीय भवनको जग्गा प्राप्तिको लागि नेपाल सरकार( मन्त्रिपरिषद्को मिति २०८१।०५।२० गतेको निर्णयबाट सहमति प्राप्त भएको व्यहोरा जानकारी प्राप्त भयो । जग्गा प्राप्ति ऐन २०३४ अनुसार मुआब्जा निर्धारण गर्न जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ को उपदफा २ बमोजिमको समितिलाई अनुरोध गर्ने र आवश्यक प्रकृया अगाडी बढाउने ।

निर्णय नं ५ :

प्रस्ताव नं ५ उपर छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रममा कार्यक्रम कार्यन्वयनको लागि बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६ को दफा ११ अनुसार १०५३ जना बेरोजगार व्यक्तिको प्राथमिकताक्रमको सूची स्थानीय निर्देशक समितिको मिति २०८१।०५।२६ गतेको बैठकबाट सिफारिस भई आएकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २१ को उपदफा ४ बमोजिम स्वीकृत गर्ने ।

निर्णय नं ६ :

प्रस्ताव नं ६ उपर छलफल गर्दा असोज १५ गते भित्र उपभोक्ता समिति गठन गरी गाउँपालिका कार्यालयमा जानकारी गराउने र सो पश्चात गाउँपालिका कार्यालयले उपभोक्ता अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।

निर्णय नं ७ :

प्रस्ताव नं ७ उपर छलफल गर्दा पोषणमैत्री स्थानीय तह प्रवर्द्धन कार्यक्रमको लागि सङ्घीय शसर्त र आन्तरिक स्रोतबाट विनियोजन भएको जम्मा रु १३ लाखलाई तपसिल बमोजिम कार्यक्रम गर्ने गरी ब्रेकडाउन गर्ने ।

| सि नं | कार्यक्रमको नाम | क्षेत्र | संख्या | | बजेट | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | सरोकारवालाको सहभागितामा पोषणमैत्री स्थानीय तह बनाउने प्रतिवद्धता | | | | | |
| | पालिकास्तर | | १ | | ४०००० | शसर्त |
| | वडास्तर | | ८ | २०००० | १६०००० | शसर्त |
| २ | पोषणको अवस्थाबारे वस्तुगत विवरण प्रोफाइल र आचारसंहिता तर्जुमा | | | | २४०००० | १ लाख शसर्त र बाँकी आन्तरिक |
| ३ | पोशिलो खाजा बनाउन सिकाउने कार्यक्रम | शिक्षा | | | १८०००० | आन्तरिक |
| ४ | सुनौला हजार दिनका परिवारका सासु बुहारी वा श्रीमान श्रीमती बीच पोषण सम्बन्धी अनुशिक्षण कार्यक्रम | बालबालिका | ८ | ५००० | ४०००० | आन्तरिक |
| ५ | सुरक्षित मातृत्व तथा महिनावारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम | बालबालिका | ८ | १०००० | ८०००० | आन्तरिक |
| ६ | विद्यालयमा वास कर्नर | खानेपानी | २ | २६००० | ५२००० | आन्तरिक |
| ७ | खाद्य स्वच्छता र गूणस्तर परीक्षणको बजार अनुगमन | कृषि विकास | ३ | २०००० | ६०००० | आन्तरिक |
| ८ | व्यबसायीक पशुपंक्षि पालन तथा उपभोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम | पशू सेवा | ८ | ५००० | ४०००० | आन्तरिक |
| ९ | निर्देशक समितिको बैठक | | | | | आन्तरिक |
| १० | गाउँपालिका स्तरीय | शासकीय प्रबन्ध | २ | ४००००, | ८०००० | आन्तरिक |
| ११ | वडास्तरीय | शासकीय प्रबन्ध | १६ | ३००० | ४८००० | आन्तरिक |
| १२ | बालपोषण भत्ता प्राप्त गर्ने बच्चाका अभिभावकलाई अभिमुखिकरण कार्यक्रम | शासकीय प्रबन्ध | ८ | १५००० | १२०००० | आन्तरिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | गाउँपालिकाको कार्यालय तथा स्वास्थ्य संस्थामा पोषण कर्नर स्थापना | शासकीय प्रबन्ध | ४ | २०००० | ८०००० | आन्तरिक |
| १४ | पोषणमैत्री स्वास्थ्य संस्था घोषणामा लागि आवश्यक कार्यक्रम | स्वास्थ्य | ८ | १०००० | ८०००० | आन्तरिक |
| जम्मा | | | | | १३००००० | |

निर्णय नं ८ :

प्रस्ताव नं ८ उपर छलफल गर्दा अन्नपुर्ण गाँउपालिका उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी २०७५ को परिच्छेद ३ नविकरण सम्बन्धी व्यवस्थाको दफा ४ पछि तपसिलको बुदाहरु समेटेर दफा **४क व्यवसाय नामसारी सम्बन्धी प्रक्रिया** थप गरी राजपत्रमा प्रकाशन गर्ने ।

**४क) व्यवसाय नामसारी सम्बन्धी प्रक्रिया :** १) गाउँपालिकाको कार्यालयमा दर्ता भएको कुनै पनि व्यवसाय तपशिलको अवस्थामा एउटा व्यक्तिको नामबाट अर्को व्यक्तिको नाममा नामसारी गर्न सकिनेछ ।

क. व्यवसायीको मृत्यू भएमा
ख. कुनै व्यवसायीले आफ्नो व्यबसाय अर्को व्यक्तिलाई बिक्रि गरेमा
ग. व्यवसायी वेपत्ता भएमा
घ. व्यवसायी असक्त भई निजको आफ्नो व्यवसाय अंशियारको नाममा नामसारी गर्न चाहेमा
ङ. व्यवसायीको मगज विग्रेको चिकित्सकले प्रमाणित गरेमा
च. साझेदारी व्यवसाय एकल गर्नु परेमा ।
छ. व्यवसायी बैदेशिक रोजगारीमा भएको वा स्वदेशमा रहेता पनि इच्छा बमोजिम एकाघरका सदस्यलाई जिम्मेवारी दिन चाहेमा

२) उपदफा क, ख, ग, घ, ङ र च बमोजिम नामसारी प्रयोजनका लागि तपसिल नामसारी प्रयोजनका लागि तपशिलमा उल्लेखित कागजात संलग्न राखी गाउँपालिकाको कार्यालयमा रितपुर्वक निवेदन पेश गर्नूपर्नेछ ।

क. निवेदन
ख. व्यवसायीको मृत्यु भएमा मृत्यूदर्ता प्रमाणपत्रको प्रतिलिपि बेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिस मगज विग्रेको भएमा मान्यता प्राप्त मेडिकल अधिकृतको प्रमाणपत्र र वडा कार्यालयमा दर्ता भएका

बाहेक अन्यको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र अन्य व्यक्तिलाई व्यवसाय विक्रि गरेमा सोको प्रमाण

ग. क, ख, ग, घ र ङ को अवस्थामा नाता प्रमाण पत्रको प्रतिलिपी ।

घ. व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपी

ङ. साविकको व्यवसायी र नामसारी गर्नुपर्ने व्यवसायीको नागरिक प्रमाणपत्रको प्रतिलिपी ।

च. मञ्जुरीनामा

छ. करचुक्ता  प्रमाणपत्रको प्रतिलिपी

संलग्न प्रमाणहरुको आधारमा गाउँपालिकाद्वारा आवश्यक छानविन गरी तोकीए बमोजिमको दस्तुर लाई व्यवसाय नामसारी गरिनेछ ।

निर्णय नं. ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) को मिति २०८१।०५।१३ गते को चलानी नं ६३ को साथ प्राप्त गृह मन्त्रालयको च.न. १०८, मिति २०८१।०५।११ को संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने समन्धी पत्र र सो साथ प्राप्त संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ मूल समारोह समिति गठन एवम् अनुमोदन कार्यक्रमको बारेमा जानकारी भयो ।संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा असोज २,३ र ४ गते गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दिप प्रज्ज्वलन गर्ने ।

निर्णय नं १० :

विविध प्रस्ताव उपर गर्दा तसपिल बमोजिम गर्ने ।

१. मिति २०८१।०५।२७ गते वडा नं २ बस्ने चित्र बहादुर परियारको घरमा विद्युत सट भई आगलागी हुदा गाउँपालिका कार्यालयबाट समृद्धि किराना पसल बाट तत्काल उपलब्ध गराईएको रु ७,७०५/- बराबरको खाद्यान्न  उपलब्ध गराईएकोमा उक्त रकम अनुमोदन गर्ने ।

२. USAID Early Grade Learning कार्यक्रम अन्तर्गत तोकिएको मापदण्ड बमोजिम विद्यालय अनुदानमा आधारित कक्षा (१-३) केन्द्रित शैक्षिक सुधारका क्रियाकलाप सञ्चालन गर्न विद्यालय छनौट गरी युएसएआइडी प्रारम्भिक कक्षा सिकाइ, कमलपोखरी, काठमाण्डौंमा सोको विवरण पेश गर्ने सम्बन्धी मिति २०८१/०५/३० गतेको शिक्षा शाखाको टिप्पणी र आदेश अनुमोदन गर्ने निर्णय गरियो ।

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, कास्की
गण्डकी प्रदेश, नेपाल

३. स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित तथा संसोधित संस्करण २०८१ अनुसार विषयगत शिक्षा, युवा तथा खेलकुद शाखाको चालु आ.ब. २०८१/८२ मा विनियोजित स्थानीय तहको शिक्षा नीति र आवधिक शिक्षा क्षेत्र योजना निर्माणका लागि देहाय बमोजिमका सदस्यहरु सहितको एक लेखन कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजकः | श्री दिवा कुमारी तिलिजा पुन (उपाध्यक्ष) |
| सदस्यः | श्री धर्मदत्त सुवेदी (शिक्षक श्री ज्ञानप्रकाश मा.वि.) |
| सदस्यः | श्री शिवराम पौडेल (शिक्षक श्री सर्बोदय मा.वि.) |
| सदस्यः | श्री सन्दिप भट्टाराई (शिक्षक श्री प्रभा मा.वि.) |
| सदस्यः | श्री इन्द्रजित ठाकुर हजाम (शिक्षक श्री शिख मा.वि.) |
| सदस्यः | श्री रामकृष्ण खड्का (शिक्षक श्री मुक्तिमार्ग मा.वि.) |
| सदस्यः | श्री ठकराज पुन (शिक्षक श्री टिकोट मा.वि.) |
| सदस्यः | श्री बुद्दि बहादुर पुन (समाजसेवी एवं वुद्धिजिवि) |
| सदस्यः | श्री तोयराम परियार (शिक्षक श्री हिमाञ्चल मा.वि.) |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष